मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २२८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार २० गते विहीबार (Thursday, 4 July 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**बालमैत्री वातावरण बनाऔं**

**बालबालिकालाई :**

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं।
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्विनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवम् जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं।
- अभिभावकबाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपपलब्ध गराऔं
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सहकारीका सञ्चालकलाई दोहोरो पद छाड्न निर्देशन




**झापा, असार १९ ।** सहकारी विभागले एउटै व्यक्ति दुई वा त्यसभन्दा बढी सहकारी संस्थाको सञ्चालक हुन नपाउने व्यवस्था गरेको छ।

विभागले कोही दोहोरो पदमा रहेको भए त्यसलाई त्यागेर एकल पद कायम गर्न सबै सहकारी संस्थालाई बुधवार निर्देशन दिएको हो।

सहकारी ऐन २०७४ को दफा ४१ (५) मा कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्ने व्यवस्था रहेकोले ऐनको उक्त प्रावधान कार्यान्वयन गर्न निर्देशन जारी गरिएको सहकारी विभागका रजिष्ट्रार पीताम्बर घिमिरेले जानकारी दिए। सहकारी बैंकको हकमा पनि पनि यस्तै निर्देशन दिइएको छ।

यो निर्देशन कार्यान्वयन भए-नभएको अनुगमन गरिने र यदि कार्यान्वयन नभएको पाइएमा कानूनबमोजिम कारबाही गरिने पनि विभागले जनाएको छ। विभागले सहकारी संस्थाका ऋणीहरुको कर्जा तीन महिनाका लागि पुनःर्तालिकीकरण गर्न परिपत्र पनि गरेको छ। 'परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीलाई कर्जा चुक्ता गर्न परेको कठिनाईलाई दृष्टिगत गरी ऋणी सदस्यलाई परेको प्रभाव मूल्याङ्कन गरी सदस्यको माग, आवश्यकता र औचित्यका आधारमा गत वर्ष खराब ऋणीको सूचीमा नपरेका र यसअघि यस्तो सुविधा नलिएका ऋणीहरुको हकमा मात्र कर्जा पाकेको ५० प्रतिशत ब्याज भुक्तानी गरेमा बाँकी साँवालाई तीन महिनाको अवधिका लागि पुनर्तालिकीकरण गर्न सकिनेछ'- विभागको परिपत्रमा भनिएको छ।

## पानीपुरीमा भेटियो क्यान्सर गराउने तत्व



**झापा , असार १९ ।** पानीपुरी खान मन पराउनुहुन्छ भने यो खबरले तपाईंलाई निराश बनाउन सक्छ। भारतको कर्नाटकबाट डरलाग्दो खबर आएको छ। त्यहाँ बेचिने पानीपुरीमा क्यान्सर जस्तो खतरनाक रोग निम्त्याउने रसायन भेटिएको छ।

यसपछि कर्नाटक सरकार सतर्क भएर अनुसन्धान थालेको छ। खतरा महसुस भयो भने पानीपुरी बेच्न र खान प्रतिबन्ध लगाउन सकिने अधिकारीहरूले बताएका छन्।

भारतीय खाद्य सुरक्षा र मापदण्ड प्राधिकरण (एफएसएसएआई)ले आफ्नो अनुसन्धानमा २६० ठाउँबाट पानीपुरीको नमूना लिएको थियो। जसमध्ये ४१ नमूनामा नक्कली रङ र क्यान्सर गराउने तत्व भेटियो। यसमा ब्रिलियन्ड ब्लू, सनसेट येलो र टार्ट्राजिन जस्ता रसायनहरू भेटिएका छन्। संकलित १८ वटा नमूना यति खराब थिए कि खान लायकै थिएनन्। रिपोर्ट आएलगत्तै सरकारले तुरुन्तै विस्तृत अनुसन्धान गर्न आदेश दिएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेस-एमाले सहमतिको स्वागत



**काठमाडौँ, असार १९ ।** नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग यही असार १७ गते राष्ट्रिय सहमतिको सरकार गठनसम्बन्धमा गरेको सहमतिको स्वागत एवम् समर्थन गरेको छ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बुधवारको बैठकले दुई दलबीच राष्ट्रिय हितको रक्षा, भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न, विकास-निर्माणको अभियानलाई तीव्रता दिन, राजनीतिक स्थायित्व कायम गर्नका लागि भएको सहमतिको स्वागत एवम् समर्थन गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

बैठकले संविधानको अभ्यासको समीक्षा गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समावेशितालाई सुदृढ

(बाँकी अन्तिम पृष्ठमा)

## चोरीमा सम्लग्न गिरोह पक्राउ



**बिर्तामोड, असार १९ ।** प्रहरीले चोरीमा सम्लग्न गिरोहलाई पक्राउ गरेको छ। झापाका विभिन्न ठाउँमा चोरी गर्ने ६ जनाको गिरोहलाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेहरुमा कमल गाउँपालिका वडा नम्बर -३ बस्ने २२ वर्षीय सुस्मन थापा, चोरीको सुनको औंठी बिक्री गर्ने कार्यमा संलग्न २७ वर्षीय कृष्ण थापा, सुनको औंठी खरिद गर्ने पाथीभरा बराइली ज्वेलर्स सुनचाँदी पसलका सञ्चालक ४३ वर्षीय अर्जुन विश्वकर्मा, सुनको औंठी खरिद गर्ने प्रतिक्षा भेराइटी किराना पसलका सञ्चालक मेचीनगर -१० बस्ने ४० वर्षीय सुरेशकुमार दास र अर्जुनधारा -११ गिरीबन्धु टि इस्टेटमा काम गर्ने सोही बगानको क्वाटरमा बस्ने ५१ वर्षीय सुनिल राजवंशी रहेका छन्। उनीहरु मध्ये सुस्मन थापा मुख्य नाइके हुन्।

राजवंशीले चोरीको सुनको औंठी, सिक्री र चाँदीको ब्राक्लेट खरिद गरेका थिए। थापा, विश्वकर्मा र बराइली कमल -३ मा बस्दै आएका थिए।

इलाम रोङ -५ स्थायी ठेगाना भई हाल अर्जुनधारा -११ बस्ने ३६ वर्षीया दुर्गादेवी श्रेष्ठको घरमा र अर्जुनधारा -११ स्टाफचोक बस्ने ५१ वर्षीया उमा श्रेष्ठको घरमा गत जेठ १८ गते चोरी भएको थियो।

बिर्तामोड -५ नयाँ नमुना टोल बस्ने ३५

(बाँकी अन्तिम पृष्ठमा)

## चना अड्किएर बालकको मृत्यु



**दाङ, असार १९ ।** दाङमा चना अड्किएर एक जना बालकको मृत्यु भएको छ।

बुधवार तुलसीपुर उपमहानगर- पालिका- ९ बेलुवा बस्ने रुपा घर्तीका तीन वर्षीय छोरा राजेन्द्र घर्तीको चना खाने क्रममा अड्किएर मृत्यु भएको हो। विद्यालयबाट घर आई घरमै पकाएको चना खाँदै गर्दा घाँटीमा अड्किएर मृत्यु भएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक प्रकाश थापाले बताए।

## एआईको प्रयोगसम्बन्धी अवधारणापत्र तयार

**काठमाडौँ, असार १९ ।** सरकारले पहिलोपटक आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग तथा अभ्याससम्बन्धी अवधारणापत्र तयार गरेको छ।

विश्वव्यापी रुपमा एआईको विकास र प्रयोग बढ्दै गए पनि नेपालमा कुनै नीति र कानून नभएकाले यससम्बन्धी आवश्यक नीति र कानून निर्माणको आधार तय गर्न सरकारले अवधारणापत्र तयार गरेको हो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गठन गरेको प्राविधिक समितिले झण्डै पाँच महिना लामो अध्ययनपछि अवधारणापत्र तयार गरेको हो। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको निर्देशानुसार मन्त्रालयले सहसचिव अनिलकुमार दत्तको संयोजकत्वमा पाँच सदस्यीय प्राविधिक समिति गठन गरेको थियो।

समितिका सदस्य मन्त्रालयका उपसचिव नारायण तिमिल्सिना, सूचना प्रविधि विभागका सूचना प्रविधि निर्देशक पवित्र डङ्गोल, इञ्जिनीयरिङ अध्ययन संस्थानका उपप्राध्यापक डा. बाबुराम दवाडी र सदस्य सचिवमा मन्त्रालयका कम्प्युटर इञ्जिनीयर सूर्यप्रकाश उपाध्याय रहेका थिए। गत माघ ५ गते गठित समितिले अवधारणापत्रसम्बन्धी प्रतिवेदन तयार पारेर मन्त्रालयमा पेश गरेको छ। प्रतिवेदनले एआईको विकास, प्रयोग र नियमनका लागि सरकारले आवश्यक नीति, कानून र कार्यविधि बनाउनुपर्ने सुझाव दिएको छ। साइबर सुरक्षा, डाटा

(बाँकी अन्तिम पृष्ठमा)

## भिसाको समय मिलाउने भन्दै ठगी गर्ने पक्राउ

**झापा, असार १९ ।** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सीआईबी) ले ठगीमा सम्लग्न आठ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भोजपुरको पौनादम्बा गाउँपालिका-५ घर भएका २१ वर्षीय दीपेन्द्र राई, नवलपुरको देवचुली नगरपालिका-१२ का २४ वर्षीय पवन काफ्ले, नवलपुरकै कावासोती नगरपालिका-८ का २१ वर्षीय संघर्ष ढकाल, काठमाडौं कलंकीका ३३ वर्षीय नवीन पौडेल, पोखरा महानगरपालिका-९ का समेश शेरचन र गोरखाको चुमनुब्री गाउँपालिका-७ का २१ वर्षीय छिरिङ निमा लामा छन्।

उनीहरुले दक्षिण कोरियाको भिसा लिने समय मिलाइदिने भन्दै ठगी गरेको बताइएको छ। अनलाइनमार्फत भिसा पाउने मिति रोज्न पाउने सुविधामा एजेन्टहरूले पहिले नै समय लिएर उक्त समय बेच्ने गरेको आरोपमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। पक्राउ परेका ८ मध्ये दुई जनाको नाम सार्वजनिक गरिएको छैन।




**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी। फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

**(प्रथम पटक प्रकाशित मिति २०८१/०३/२०)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनु पर्ने ब्याज रकम समयमा नबुझाइ बैकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी,जमानतकर्ता लगायत ऋण/कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/०५/२८ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको ब्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं। धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ संस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रीतपूर्वक भरी गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (२०८१/०४/२३) भित्र सोही कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ।

**तपशिल**

**शाखा कार्यालय, सुरुङ्गा, झापा (०२३-५५०३११, ९८०२३०२७४७)**

**१. व्याज अनुदान कर्जा**
**ऋणी प्रोपाइटर तथा जमानतकर्ताको तीनपुस्ते बिबरण :**

टाघनडुब्बा गाउँ विकास कार्यलय झापामा मिति २०७३/०४/०३ मा दर्ता नं. २७ भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व बिभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुरबाट मिति २०७३/०६/०२ मा स्थायी लेखा नं. (पान) दर्ता प्रमाणपत्र नं. ६०५१११८६४ को प्रमाणपत्र प्राप्त श्री अमनतिका होटल (प्रो. हरी प्रसाद गणेश ) ठेगाना : कुमरखोद गा.पा. -९, झापा।

| प्रोपाईटर/ जमानतकर्ता : हरी प्रसाद गणेश | जमानतकर्ता |
|---|---|
| | नाम :- सुमित्रा कुमारी दास |
| बावुको नाम :- ददिलाल गणेश | बावुको नाम :- लखन दास |
| बाजेको नाम :- शिवलाल गणेश | पतिको नाम :- हरि प्रसाद गणेश |
| ठेगाना :- झापा गा.पा. ४, झापा | ठेगाना :- झापा गा.पा. ४, झापा |
| ना.प्र.नं. :- ०४०३०३७/७७८ | ना.प्र.नं. :- ०४०३०३७ /६६२ |
| जारी मिति :- २०६३।१२।२७, झापा | जारी मिति :- २०४३।०२।०६, झापा |

**लिलाम बिक्री हुने सम्पत्तिको बिबरण :**

१.मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री सुमित्रा कुमारी दासको स्वामित्व रहेको कि.न. ३७८ क्षेत्रफल ३३८.६३ ब. मी. टाघनडुब्बा झापा स्थित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. नोटःबोल पत्र पेश गर्दा उल्लेखित लिलाम बिक्री हुने सम्पूर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागि मात्र पनि कित्ता.न., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ।

- सिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति : २०८१/०४/२३ गते दिउँसो ४ बजेसम्म।
- सिलबन्दी बोलपत्र बुझाउने स्थान : मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान १२, सुनसरी र शाखा कार्यालय, सुरुङ्गा झापा।
- सिलबन्दी बोलपत्र खोल्ने स्थान : मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय, सुरुङ्गा झापा, ।
- सिलबन्दी बोलपत्र खुल्ने मिति : २०८१/०४/२४ गते
- सिलबन्दी बोलपत्र खुल्ने समय : विहान ११:०० बजे।

**पुनश्च :- ऋणी तथा जनानतकर्तालाई उल्लेखित ३५ दिनभित्र बैंकमा सम्पर्क राखी बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पतिको संरक्षण गर्न समेत यसै सूचनाबाट जानकारी गराईन्छ।**

पूर्वाञ्चल

## सम्पादकीय

# समीकरण स्वार्थ केन्द्रित नहोस्

**देशको अस्थिर राजनीतिका कारण दलहरुप्रतिको जनविश्वास र भरोसा टुट्दै गएको छ । संघीय संसदका प्रमुख दुई ठूला दलहरु बीच भएको सत्ता समीकरणको नयाँ सहमतिले ठूला दलहरुप्रतिको आशा, अपेक्षा र भरोसा टुट्दै गएको राजनीतिक विश्लेषकहरुको भनाइ छ । सोमबार मध्यरातमा एमाले अध्यक्ष केपी ओली निवास पुगेर नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले लामो संवाद गर्दै सत्ता समीकरणका लागि प्रस्ताव गरेका थिए । संविधान संशोधन लगायतका कार्यसूचीमा सहमत भएका ठूला दलहरु कांग्रेस र एमाले आलोपालो सरकारको नेतृत्व गर्न सहमत भएका हुन् । राजनीतिक स्थायित्वका लागि भन्दै उनीहरुका बीच भएको सहमति अन्ततः सत्ता बिमुख हुन नसक्ने चरित्रको प्रकटीकरण नठहरियोस् ।**

**राजनीतिमा मुख्य प्रतिद्वन्द्विता कांग्रेस र एमालेका बीचको समीकरण 'स्वार्थ केन्द्रीत रहेको' राजनीतिशास्त्रीहरुको ठम्याइ छ । प्राध्यापक कृष्ण खनालले दलहरुले जतिसुकै राजनीतिक सुधारको कुरा भने गरिरहेको भए पनि नयाँ गठबन्धन राजनीतिक अवसरवाद र उपयोगको खेल भएको बताएका छन् । उनका विचारमा यो गठबन्धन ढुक्क भएर बाँकी समय सत्ता चलाउनुभन्दा अन्य कुनै प्रयोजनका लागि भएको होइन । यद्यपि विश्लेषक तथा राजनीतिशास्त्री मिश्रित निर्वाचन प्रणालीमा गठबन्धन बन्नु अस्वभाविक नभएको बताउँछन् । राजनीतिशास्त्री कृष्ण पोखरेल पनि कांग्रेस र एमाले एकअर्काका मुख्य प्रतिष्पर्धी भएको बताउँदै उनीहरुकै बीचमा भएको सत्ता समीकरण राजनीतिक स्वार्थका लागि भएको दाबी गर्छन् । हाम्रो देशमा अभ्यासमा ल्याइएको निर्वाचन प्रणालीमा प्रतिपक्षको भूमिका महत्वपूर्ण हुन्छ । अब संसदमा बलियो प्रतिपक्ष रहने सम्भावना देखिएको छैन, जसले गैरराजनीतिक श्रृंखलालाई बढावा दिने भय रहन्छ ।**

**प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको गठबन्धनको सरकार विश्वासको मतको सामना गर्ने पक्षमा छ । पूरा कार्यकाल यही समीकरण रहन्छ भनेर नथाक्ने नेताहरुमा देखिएको सत्ता लिप्साको यो चरित्र नक्कली शरणार्थी र सुन तस्करी प्रकरणको उपज भएको पनि ठानिंदैछ । अझ गिरीबन्धु टी इस्टेटको हदबन्दी जग्गा प्रकरणको विवादले पनि अहिलेको राजनीति तरंगित भएको ठान्नेहरुको पनि कमी छैन । त्यसै पनि विगत तीन दशकदेखि भ्रष्टाचारका काण्डहरु एकपछि अर्को सार्वजनिक भइरहेका छन् । मुद्दा उठेर पनि दोषीहरु दण्डित हुँदैनन् । त्यसकै निरन्तरताका लागि नयाँ समीकरण भएको आरोप खण्डन गर्न सफल नभए यसको औचित्य पुष्टि हुने छैन । त्यसैले व्यवस्था, राजनीतिक प्रणाली र त्यसको प्रवर्द्धन गर्दै राजनीतिक स्थायित्व, सुशासन र सम्पूर्ण विकासका निम्ति समीकरण प्रतिबद्ध रहनुपर्छ । अनि मात्र जनविश्वास जोगाउन सकिन्छ ।**



# मनसुनसँगै रोगको जोखिम उच्च



**डा. प्रकाश बुढाथोकी**

मनसुन शरु भएको एक हप्ता भइसकेको छ। निरन्तर दोहोरिने तथा जलवायु परिवर्तनबाट हुने असरको प्राकृतिक विपद् जोखिमले नेपाल विश्वमै अग्रस्थानमा छ। उत्तरबाट दक्षिणतर्फ बहने खोलानाला र खहरेले बाढी, पहिरो, डुबान, हिमपहिरो तथा हिमताल बिस्फोटन, चट्याङ्, डढेलो, आगलागी जस्ता प्राकृतिक विपद् बर्सेनि दोहोरिने गरेका छन्। भूकम्पीय जोखिमका हिसाबले नेपाल ११औं, जल उत्पन्न प्रकोपमा ३०औं, जलवायु परिवर्तनको असरले हुने बाढी, खडेरी र पहिरोमा चौथो र हरितगृह ग्यास उत्सर्जनका हिसाबले एक सय नवौं स्थानमा पर्दछ। त्यसैमा पछिल्लो समयमा अध्ययन, अनुसन्धान र वातावरणीय प्रभाव विश्लेषणबिना खनिएका सडक संरचनाले थप मलजल गरेका छन्। विपद्बाट कुल गार्हस्थ्य उत्पादनमा वार्षिक तीनदेखि पाँच प्रतिशत ह्राससँगै आर्थिक नोक्सानी भइरहेको छ।

गत वर्ष विपद्का घटना सात सय ६९ हुँदा ६३ जनाको मृत्यृ, ६९ घाइते तथा ३० बेपत्ता भएको तथ्याङ्क छ। यस वर्ष जल तथा मौसम विज्ञान विभागले सरदरभन्दा ३५ देखि ४५ प्रतिशत बढी वर्षा हुने अनुमान गरेको छ। मनसुनजन्य विपद्बाट करिब १८ लाख जनसंख्या र चार लाख १२ हजार घरधुरी प्रभावित तथा ८३ हजार घरमा क्षति पुग्ने आकलन छ। मनसुन गत जेठ २८ गते भित्रिएपछि विपद्का एक सय ४७ घटनाबाट ३३ जिल्ला प्रभावित भई २८ जनाको ज्यान गइसकेको छ। मनसुनको शुरु भएसँगै बाढी, पहिरो, डुबान र चट्याङले देशभर ठूलो क्षति पुऱ्याइरहेको छ। हरेक दिन मृत्यृ, घाइते र बिरामीहरूको तथ्याङ्क आइरहेका छन्। कोशी प्रदेशबाट शुरु भएको क्षति कर्णाली र सुदूरपश्चिम प्रदेश पुगिसकेको छ। ३३ बढी जिल्ला प्रभावित, ३० भन्दा बढीको मृत्यृ तथा हजारौं परिवार प्रभावित र भएका छन्। शुरुमै भएको क्षतिले चुनौतीपूर्ण भविष्यको सङ्केत गरेको छ।

**विपद्ले ल्याउने स्वास्थ्य समस्या**

वर्षात्को समयमा आउने बाढी, पहिरो जस्ता प्राकृतिक विपत्तिसँगै सबै अस्पतालका निर्देशकहरूले उपलब्ध गराएको जानकारीमा गर्मीपछि वर्षात्को समयमा सबैभन्दा बढी झाडापखाला, हैजा, डेंगु, टाइफाइड, भाइरल, जण्डिस, हेपाटाइटिस ए र ई, आउँ, निमोनिया, औलो, कालाजार, ज्वरो, स्क्रब टाइफस, रुघाखोकी, छालाको समस्या, पेटको सङ्क्रमण, जुका, आँखा पाक्ने, लेप्टोस्पाइरोसिस जस्ता बिरामी देखिने गर्दछन्। अर्थात् दूषित खाना र पानी, लामखुट्टे, झिङ्गा, किराफट्याङ्गा, फोहर तथा हिलोका कारण हुने सङ्क्रमण विशेषतः बढी देखिन्छ। परेको वर्षाले ट्याङ्की वरिपरि मानिस, जनावर, पक्षीको बिष्ठा, ढकन नभएको, फोहरसहितको भेल मुहानमा परी प्रदूषित पानी, सिनो मासु, खोलानालाको प्रदूषित पानी सेवनले रोग लाग्दा जण्डिस लगायतका रोगहरूबाट मानिसहरू बिरामी पर्दैछन्। गर्भवतीलाई अस्वस्थता हुँदा थप जटिलता र गर्भपतनसम्म भएको पाइन्छ।

बढ्दो वर्षासँगै विभिन्न किटाणु, जीवाणु, विषाणुजन्य सरुवा र सङ्क्रमणहरू टाइफाइड, झाडाबान्ता, भाइरल फ्लु, पेटको दुखाई, रुघाखोकी, श्वासप्रश्वास सङ्क्रमण, जण्डिस, हेपाटाइटिस ए, आँखा सुक्खा, चिलाउने तथा आँखाको सङ्क्रमण, जनावरले टोकेर हुने बिरामीहरू बढ्दै छन्। यसबाहेक तराईमा सर्पदंश, उच्च ज्वरो, छालाको रोग, बढी पसिना जाँदा शरीरमा हुने पानी अभावको कारण जल वियोजन, पिसाब र मिर्गौलामा समस्या र लु बढ्दैछ। जार तथा बोतलको पानी सेवन गर्नेमा पनि त्यत्तिकै समस्या छ। दूषित खाना, पानी, सरसफाइको अभाव, फोहर हात, भाडाकुँडा, झिङ्गा, लामखुट्टे, साङ्ला, किराफट्याङग्रा तथा बासी, सडेगलेका फोहर खानेकुरा, फोहर बानी व्यहोरा र फोहर पानीको प्रयोग नै यस समयको रोग लाग्ने मुख्य कारण हो।

यस मौसममा हुने सरुवा रोगहरू केही श्वासप्रश्वास र धेरैजसो पाचन प्रणालीसँग सम्बन्धित हुन्छन्। करिब सयभन्दा बढी भाइरस प्रमुखतया इन्फ्लुएन्जा विषाणुद्वारा हुने सङ्क्रामक रोग रुघाखोकी लागेकालाई सामान्य बिरामीको रूपमा लिइन्छ। यसमा घाँटी खस्खसाउने, श्वास फेर्न अप्ठेरो हुने, पातलो सिंगान बग्ने, ज्वरो आउनुको साथै शरीर दुख्छ। प्रत्यक्ष सम्पर्कबाट र हावाबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले ज्यादा भीडभाड हुने स्थान बस, फिल्महल, विद्यालय र जात्रामा बिरामीले खोक्दा, बोल्दा, हाछ्यूँ गर्दा छिटै सर्दछ।

**पानीजन्य रोगहरू**

रोगका किटाणु पानीको मुहानमा परे सर्ने सरुवा रोगमा झाडापखाला, हैजा, रगतमासी, जुकाहरू, पोलियो, जियारडियासिस, अमिवियासिस, आउँ, टाइफाइड, जण्डिस लगायत २० वटा सरुवा रोगहरू पर्दछन्। वर्षायाममा विशेषगरी काँचो र नपाकेको मासु, बासी खाना, खाना बढी खाने, पचाउन नसकिने चिल्लो खाद्य पदार्थले खाना विषाक्तता हुन्छ। बिरामीलाई बान्ता हुने, पखाला लाग्ने, ज्वरो आउने हुन्छ। त्यसैगरी झिङ्गा भन्किएको र फोहर खानेकुरा खादा भिब्रियो कोलेरा ब्याक्टेरियाले आन्द्रामा सङ्क्रमण गर्छ र तीव्र सङ्क्रमण हैजा लाग्छ। हैजा लागेपछि धेरैपटक चौलानी पानीजस्तो पातलो दिसा र बान्ता एकै पटक लागिरहन्छ। त्यसले तीव्रगतिमा जलहरण गरी बिरामी शिथिल अवस्थामा पुग्छ।

पटक-पटक पातलो दिसा (तीन पटकभन्दा बढी) हुनुलाई झाडा पखाला भनिन्छ। यसले शरीरमा भएको पानी र लवणको मात्रालाई तुरुन्तै कम गर्ने भएकाले शरीरमा विभिन्न किसिमका जलविनियोजन सम्बन्धी स्वास्थ्य समस्याहरू देखा पर्दछन्। बान्ता र पखालासँगै भयो भने स्वास्थ्यका दृष्टिले खतरनाक मानिन्छ। सरसफाइको कमी, चर्पीको राम्रो व्यवस्था नभएको, शुद्ध खानेपानीको अभाव, झिंगा र अन्य किराफट्याङ्गाको बढी प्रकोप भएको ठाउँमा बढी देखिने सङ्क्रामक रोग टाइफाइड हो। झिङ्गा, सङ्क्रमित माटो र फोहर हातले खानेकुरा बनाउँदा रोग सर्न सक्दछ। यसमा ज्वरो बेस्सरी आउँछ, पाचन प्रणालीसँग सम्बन्धित लक्षण देखिन्छ। नेपालीमा म्यादी ज्वरो भनिने रोग टाइफाइड तथा पाराटाइफाइड ब्याक्टेरिया जीवाणुबाट लाग्छ। बिरामीको दिसापिसाबबाट दूषित हुन गएको पिउने पानी तथा खानाबाट यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ।

टाइफाइडमा शुरुमा रोग रुघाखोकी जिउ तथा टाउको दुख्ने लक्षणबाट शुरु हुन्छ। त्यसपछि विस्तारै टाउकोको अगाडिको भाग दुख्ने, ज्वरो आउने आदि हुन्छ। ज्वरो बेलुकीपख बढ्छ र हरेक दिन केही ज्वरो बढ्दै जान्छ। बिरामीको ज्वरो कुनै बेला घट्ने र कुनै बेला बढ्ने पनि हुन सक्छ। तर, साधारण अवस्थामा आउँदैन। बिरामीलाई भोक नलाग्ने र विस्तारै सिकिस्त हुँदै जान्छ। ज्वरो बढ्नुको अनुपातमा नाडीको गति कम हुनु, कहिलेकाहीँ बान्ता आउनु, काँचो केराउको झोल जस्तो पखाला लाग्नु वा दिसा कब्जियत हुनु आदि पनि हुन्छ। यस्ता लक्षणहरू एक हप्तासम्म देखा पर्दछन्। दोस्रो हप्तामा ज्वरो बढी आउने र नाडीको गति अझ कम पनि हुन सक्छ।

शरीरको प्रायः सबै भागमा र मुख्यगरी पेटमा गुलाबी दाना आउने, शरीर कम्पन हुने र बिरामी बेहोस पनि हुनसक्छ। कलेजो र फियो सुन्निन सक्छ। वर्षायाममा पानीकै कारणले मात्र लाग्ने हेपाटाइटिस 'ए' भाइरसद्वारा सङ्क्रमित भई ज्वरो आउने, जाडो हुने, टाउको दुख्ने, थकान महशुस हुने जस्ता लक्षण देखा पर्न सक्छ। एकपटक हेपाटाइटिस 'ए'को उपचार गरेपछि पुनः देखा पर्दैन। हिजोआज पहिले गर्भवती महिलामा मात्र बढी देखिने हेपाटाइटिस 'ई' पुरुषमा पनि बढ्दो छ। यसमा बिरामीको कलेजो सुनिन्छ। उपरोक्त दुबै हेपाटाइटिस दूषित पानी र खानाबाट सर्दछ। काँचो फलफूल र मासुबाट सर्ने विभिन्न किसिमका जुका पनि यो समयमा देखिन्छ।

**लामखुट्टेजन्य रोगहरू**

वर्षायाममा लामखुट्टे लाग्दा र टोक्दा उच्च र तीव्र ज्वरो हुने डेंगु, औलो, फिलेरिया, इन्सेफलाइटिस, मेनिन्जाइटिस हुने सम्भावना रहन्छ। त्यसैगरी सैण्डफलाइले बिरामीको छाला कालो हुने, कलेजो सुन्निने, कालाजर लगाउँछ। लामखुट्टेजन्य रोगबाट बच्न लामखुट्टेको विकास र जीवनचक्र पूरा हुन दिनु हुँदैन जसका लागि लामखुट्टेको टोकाइबाट मानिस जोगिनु पर्दछ। वर्षायाममा सर्पदंशको समस्या पनि निकै हुने गर्दछ। सर्पले टोकेको ठाउँमा दुई दाँतको गहिरो निसान देखिन्छ। केही क्षणमै उक्त ठाउँमा फोका उठ्न थाल्दछ, दुख्छ र सुनिन्छ। रगत अलिक लामो समयसम्म आइरहन्छ। पीडितलाई वाकवाकी लाग्छ, मुखबाट ऱ्याल निक्लन्छ, डर त्रासले उत्तेजित हुन्छ, ओंठ र मुख सुख्छ, तिर्खा लाग्छ, मुटुको धड्कन बढछ भने आँखी भौं, परेला तल झर्छ। खान निल्न पनि समस्या हुन्छ। बोल्दा जिब्रो लर्बराउने, हिड्दा खुट्टा लडखडाउने र समय बित्दै जाँदा आँखाले एउटा वस्तुको दुई छाया देख्ने, आँखा खोल्न गाह्रो हुने गर्दछ।

विरामीलाई श्वास लिन समस्या हुन्छ भने पक्षघात देखिने र तीनदेखि छ घण्टापछि पिसाव रातो भएर आउँछ। विषालु सर्पले टोकेपछि मानिसको श्वासप्रश्वासमा अवरोध भई, मांसपेशीमा पक्षघात भई, रक्तचाप ज्यादै न्यून भई अचेत हुन जान्छ र मृत्यु हुन्छ। तर, व्यवहारमा ६० प्रतिशत जति सर्पदंशमा या त सर्प विषालु हुँदैन या विष टोकेको स्थानमा नपर्ने तथा परे पनि कम भएको पाइने गरेको छ। मानिस जति आतिन्छ, त्यति रक्तसञ्चार बढ्छ र विष छिटो शरीरमा फैलिन्छ। विषविहीन सर्पले टोक्दा पनि मानिस आत्तिने गर्दा हृदयाघात, छिटोछिटो सास फेर्ने, टोकेको ठाउँमा घोचे जस्तो हुने, टोकेको ठाउँ वरपर सुन्निने, रक्तश्राव, निलो, फोका उठ्ने, सङ्क्रमण तथा नेक्रोसिस, कुहिने, हातखुट्टा बाउडिने वा नचल्ने, बेहोस हुने जस्ता लक्षण देखिन्छन्।

टोकेको ठाउँदेखि शरीरमा विष फैलन नदिन सर्पले टोकेको खुट्टा वा हात चल्न नदिने गर्नुपर्छ। टोकेको ठाउँदेखि दुई-तीन इन्चमाथि मुटुतिर अलग-अलग तीन ठाउँमा ब्याण्डेज, डोरी, रुमाल बाँध्ने र एउटा औला पट्टीभित्र मुस्किलले छिर्न सक्ने गरी बाँध्ने तर प्रत्येक १५ मिनेटमा आधा मिनेट डोरी खोली रक्तसञ्चार हुन दिनु पर्दछ। यदि अस्पताल वा स्वास्थ्य संस्था धेरै टाढा भएमा वा त्यहाँसम्म पुग्न तीन घण्टाभन्दा बढी समय लाग्ने अवस्था भएमा तत्कालका लागि प्राथमिक उपचार गरेर मात्र व्यक्तिलाई अस्पतालतिर लानुपर्दछ।

**मनसुनजन्य विपद् तयारी र प्रतिकार्य**

उच्च जोखिममा फलाइङ स्क्कार्ड तयारी, खोज, उद्धार र राहतका लागि स्रोतसाधनको व्यवस्थापन गरिएको छ। देशका ३४ स्थानमा चेतावनीमूलक साइरन प्रणाली जडान भएको र थप १५ स्थानमा गरिँदैछ। नेपाली सेनाले १० हजार आठ सय ४७, नेपाल प्रहरीले १० हजार पाँच सय ५८ र सशस्त्र प्रहरी बलले नौ हजार नौ सय २४ सुरक्षाकर्मीहरू विपद् प्रतिकार्यका लागि तयारीमा छन्। सेनाले इटहरी, सुर्खेत र काठमाडौँमा हेलिकप्टर तैनाथ छन्। बेलीब्रिज, बोटजस्ता आपत्कालीन सामान रणनीतिक स्थानहरूमा राखिएका छन्। कमाण्डपोष्ट खडा गरिएको छ। त्यसैगरी प्रदेश, जिल्ला र स्थानीय तहमा तयारी अवस्थामा रहने गरी प्रतिकार्य भइरहेको छ।

पूर्व तयारी सम्बन्धी क्रियाकलापहरूका बारेमा सूची बनाई तयारी मन्त्रालयले गरिसकेको छ भने प्रतिकार्य सम्बन्धी सूचीकृत मुख्य क्रियाकलापहरूमा विपद्को असरको आधारमा सङ्घीय तथा प्रादेशिक तहका स्वास्थ्य विषयगत क्षेत्र सक्रिय बनाउने, स्वास्थ्य क्षेत्रको द्रुत लेखाजोखा गर्ने, तथा सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सन्देशमूलक सूचना र सचेतना अभिवृद्धिमा जोड दिनु रहेका छन्। त्यस्तै प्रभावित स्थानमा द्रुत प्रतिकार्य टोली परिचालन, आकस्मिक चिकित्सकीय टोली परिचालन, हैजा, डेंगुका किट, खोप, औषधिजन्य सामग्रीको व्यवस्था, एम्बुलेन्सको परिचालन, बिरामी तथा घाइतेको व्यवस्थापन, नमूना परीक्षण, शव व्यवस्थापन, भेक्टर नियन्त्रण, महामारीको उपचार, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, मनोसामाजिक नसर्ने तथा सर्ने रोगहरूको नियमितता, घुम्ती स्वास्थ्य सेवा गर्नेगरी प्रतिकार्य काम भइरहेका छन्। त्यस्तै हटलाइनहरू पनि सञ्चालनमा छन्।

अन्त्यमा रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस हुन्छ। जुनसुकै उमेर, वर्ग र तप्काका मानिसले स्वास्थ्यप्रति सचेत हुनुपर्छ। उमालेको पानीको प्रयोग गर्नुका साथै खाना खानुअघि र पछि साबुनपानीले हात धुनु पर्दछ। जथाभावी दिसापिसाब नगर्ने, बासी सडेगलेका र अपच हुनेगरी खुला ठाउँमा राखिएका खाना खानु हुँदैन। व्यक्तिगत सरसफाई र घर वरपरको वातावरण सफा राख्नुपर्दछ।

(लेखक केन्द्रीय कारागार अस्पतालका प्रमुख तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन्।)



# कपाल : सानै उमेरमा फुल्ने कारण र उपचार

महिला तथा पुरुष दुबैका लागि कपाल सुन्दर हुनु राम्रो मानिन्छ। बदलिँदो जीवनशैली र बदलिँदो मौसमका कारण अधिकांश मानिस कपाल झर्ने र फुल्ने समस्याबाट ग्रसित छन्। सामान्य अर्थमा कपाल फुले बुढ्यौली लाग्यो भनेर बुझिन्छ। तर, आजकल कपाल सेतो हुँदैमा मानिस बुढो हुँदैन। आजभोलि कम उमेरमै कपाल फुल्नु धेरैको साझा समस्या हो।

पुरुषमा पहिला देखिने सेतो कपाल कन्चट र महिलाहरुमा टाउकोको दायाबायाँ हुन्छ। कपाल झर्नबाट जोगाउन र उमेरमा नै फुलेको कपाल कालो बनाउन मानिस विभिन्न उत्पादन प्रयोग गर्छन्। तर, यी उत्पादनमा केमिकल हुन्छन्। जसले कपाललाई हानी पुऱ्याउन सक्छ। वर्तमान समयमा कपालमा विभिन्न प्रकारका समस्याहरूले जन्म लिइरहेका छन्। कुनै प्रकारका सङ्क्रमण बढी रसायनयुक्त खानाको प्रयोग, अप्रमाणित स्याम्पुको प्रयोग आदि जस्ता विभिन्न कारणहरूले कपालमा अनेक रोगहरू उत्पन्न हुन्छन्।

**कपाल सानै उमेरमा फुल्ने कारणहरु :**

- सानै उमेरमा कपाल फुल्नुमा पोषणको कमी हुन सक्छ।
- भिटामिन डी, बी १२, जिङ्क, आइरन, क्याल्सियमको कमीले पनि कपाल फुल्न सक्छ।
- शरीरमा कुनै दीर्घरोग भएमा पनि उमेर अगावै कपाल फुल्न सक्छ।
- अत्यधिक वा नियमित औषधीको सेवनले पनि कपाल फुल्न सक्छ।
- रक्त अल्पता, थाइराइड तथा हर्मोनमा परिवर्तनले पनि चाडै कपाल फुल्छ।
- पेटको गडबडी वा पेटको रोगका कारणले पनि सानै उमेरमा कपाल फुल्दछ।
- मदिरा, धुमपान, जंक फूड आदिको लामो सेवनले पनि सानै उमेरमा कपाल फुल्दछ।
- जथाभावी रासायनिक पदार्थ, प्रदूषणले पनि उमेर अगावै कपाल फुल्दछ।
- मानसिक तनाव अर्थात डिप्रेसनका कारणले पनि चाडैं कपाल सेतो हुन सक्छ।

**कपाल फुल्ने समस्याबाट छुटकारा पाउने घरेलु उपचार विधि**

- समुद्र फललाई पानीमा पिसेर तीन महिनासम्म कपालमा लगाउनाले कपाल कालो हुन्छ।
- इन्द्रायणको बिऊको वेल सेतो कपालमा लगाउनाले कपाल कालो हुन्छ।
- हर्रो, बर्रो, अमला निमको पात, मृगराज आदि सबैलाई बराबर मात्रामा लिई कालो गाईको पिसाबमा मिलाई पिसेर केही समयसम्म निरन्तर टाउकोमा लगाउनाले कपाल कालो हुन्छ।
- शरदऋतुको समयमा छ भने हरियो अमला टिपेर १०/१२ वटा अमलाको भित्री माग फाली पिस्नुहोस्। पिसिसकेपछि उक्त धुलो टाउकोमा लगाउनाले कपाल कालो हुन्छ। यसलाई २/३ घण्टासम्म टाउकोमा लगाई साबुन प्रयोग नगरी नुहाउनुहोस्।
- ताजा ओखरलाई दूधमा पकाई उक्त दूधबाट मथेर घ्यू निकाल्नुहोस् उक्त घ्यूलाई कपालमा लगाउनाले कपाल कालो हुन्छ।

कपाल फुलेको खासै कुनै उपचार हुँदैन। तर, कारण जानेर उपचार गरेमा यो समस्या केही हदसम्म कम हुनसक्छ। साथै कपालमा केमिकलयुक्त हेयर कलरको प्रयोग गर्नुहुँदैन। त्यस्तै भिटामिन डी, भिटामिन बी १२, जिङ्क, आइरन, क्याल्सियम आदिको कमी हुन दिनु हुँदैन। साथै सन्तुलित आहार तथा एन्टिअक्सिडेन्टयुक्त खानेकुरा खाने, गुणस्तरयुक्त सावुन तथा स्याम्पुको प्रयोग गरेमा कपाल फुल्नबाट बच्न सकिन्छ।



**हिलाम्मे सडक** : कोशी राजमार्ग अन्तर्गत संखुवासभाको खाँदवारी नगरपालिकाको लबिङ हिल–मानेभञ्ज्याङ सडकखण्ड वर्षाले हिलाम्मे भएपछि सडकमा फसेको ट्रक तथा बाटो पार गर्दै स्थानीय महिला । ठेकेदारले समयमा सडक कालोपत्रको काम नसक्दा वर्षेनी त्यहाँका स्थानीयले सास्ती खेप्दै आएका छन् । *तस्वीरः रासस*

# उत्कृष्ट अंक ल्याउनेलाई छात्रवृत्ति

**फिक्कल, असार १९।** इलामको माङसेबुङ गाउँपालिकाले विद्यावारिधि (पीएचडी) अध्ययन गर्ने गाउँपालिकाभित्रका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ ।

गाउँपालिकाभित्रका विद्यार्थीलाई प्रोत्साहन गर्न छात्रवृत्ति प्रदान गर्ने नीति अनुरुप माङसेबुङले दुई विद्यार्थीलाई रु. पाँच लाख छात्रवृत्ति उपलब्ध गराएको हो । माङसेबुङ गाउँपालिकाले 'विद्यार्थी प्रोत्साहन तथा सम्मान कार्यक्रम' आयोजना गरी पीएचडी अध्ययनरत माङसेबुङ-२ का मनोजकुमार लिम्बू र गोविन्दप्रसाद लिम्बूलाई छात्रवृत्ति स्वरुप जनही रु. दुई लाख ५० हजारका दरले उपलब्ध गराएको हो । गाउँपालिका अध्यक्ष हेमन्त राईले दुबै जनालाई जनही रु. दुई लाख ५० हजारको चेक हस्तान्तरण गरे ।

गत वर्ष सम्पन्न गाउँसभाको १४औं अधिवेशनले पारित गरेको नीति तथा कार्यक्रममा पिएचडी अध्ययन गर्ने विद्यार्थीलाई उक्त रकम प्रदान गर्ने निर्णय गरेको थियो । उच्च शिक्षा हासिल गर्न चाहने गाउँपालिकाभित्रका विद्यार्थीलाई सहयोग र प्रोत्साहन



गर्ने उद्देश्यले यसै वर्षबाट छात्रवृत्ति दिन थालिएको अध्यक्ष राईले बताए ।

आफ्नो पालिकाबासी नागरिकलाई पीएचडी गर्न उत्प्रेरणा दिने उद्देश्यले 'माङसेबुङ गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी ऐन, २०८०' बमोजिम छात्रवृत्ति वितरण शुरुआत गरिएको उनले जानकारी दिए । 'हाम्रो पालिकामा विद्यावारिधि गरेका विद्यार्थी पाउनै गाह्रो छ । कतिपयले पैसा नभएर विद्यावारिधि गर्न पाएका छैनन्' -अध्यक्ष राईले भने- 'पालिकावासी विद्यार्थीलाई विद्यावारिधिमा उत्प्रेरणा दिन छात्रवृत्ति कार्यक्रम कार्यान्वयनमा ल्याएका हौं ।'

छात्रवृत्ति लिन माङसेबुङ गाउँपालिकाभित्रकै स्थायी बासिन्दा र नेपालकै कुनै एक विश्वविद्यालबाट विद्यावारिधि गर्नुपर्ने मापदण्ड ऐनमा उल्लेख छ । त्यसैगरी गाउँपालिकाले वि.सं. २०८० को माध्यमिक शिक्षा परीक्षा (एएइई)मा पालिकाबाट सर्वोत्कृष्ट अङ्क प्राप्त गरी उत्तिर्ण छात्रछात्रालाई जनही रु पाँह हजार नगदसहित सम्मान गरेको छ ।

कार्यक्रममा तीन दशमलव २१ जिपिए प्राप्त गरेकी महेन्द्रोदय माध्यमिक विद्यालय माङसेबुङ-१ की प्रकृति बराल र दुई दशमलव ०७ जिपिए प्राप्त गरेका सोही विद्यालयका अप्सन योङहाङलाई सम्मान गरेको हो ।

# चिसापानी बजारको सडकमा ढलान

**खोटाङ, असार १९।** जन्तेढुङ्गा गाउँपालिकाको चिसापानी बजारको मुख्य सडक ढलान गर्ने काम सम्पन्न गरिएको छ । कोशी प्रदेश अन्तर्गत सहरी विकास तथा भवन कार्यालय ओखलढुङ्गाको रु. २५ लाखको लागतमा ढलानको काम सम्पन्न गरिएको हो ।

जन्तेढुङ्गा गाउँपालिकाका अध्यक्ष अरुणादेवी राईले ढलान गर्ने काम तोकिएको समयभन्दा अगाडि नै सम्पन्न भएको बताए । निर्माण कम्पनीले वि.सं. २०८१ असार १५ गतेभित्र सक्ने गरी वि.सं. २०८० चैत २५ गते सडक ढलानको सम्झौता गरेको थियो । शहरी विकास तथा भवन कार्यालयको रु. पाँच लाख बजेटमा वि.सं. २०८१ असार १० गतेभित्र सक्ने गरी सोही निर्माण कम्पनीले वि.सं. २०८० चैत २५ गते नै सम्झौता गरेको थियो । यसैबीच जन्तेढुङ्गा-५ चिसापानी र जन्तेढुङ्गा -६ दिप्लुङको सिमानामा पर्ने धार्मिक तथा पर्यटकीय स्थल जन्तेढुङ्गाको पर्यटन विकासको काम अलपत्र परेको छ । जन्तेढुङ्गा पार्क (उद्यान) निर्माण, पोखरी निर्माण, घेराबारा, पर्खाल लगायत निर्माणका काम अलपत्र परेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ६० र गाउँपालिकाको ४० प्रतिशत लागतमा करिब रु. दुई करोड ३० लाख बजेटमा दुई वर्षभित्र सक्ने गरी निर्माण कम्पनीले वि.सं. २०७८ जेठ ३० गते सम्झौता गरेको थियो । तर, काम भने २० प्रतिशत मात्र सकिएको जन्तेढुङ्गा गाउँपालिकाका प्रमुख इञ्जिनियर अरुण साहले बताए । पेश्की बापतको रु. ४६ लाख निर्माण सम्बद्ध कम्पनीले लिएको उक्त योजनाको असारभित्र काम सक्ने गरी म्याद थप भएको छ । तर, काम भने नभएको गाउँपालिका उपाध्यक्ष खेमबहादुर खड्काले बताए ।

संस्कृति तथा पर्यटन मन्त्रालयले आ.व. २०७९/८० मा बजेट नपठाएकाले काम रोकिएको जनाइएको छ । आ.व. २०८०/०८१ मा भने रु. ३७ लाख बजेट पठाए पनि निर्माण कम्पनीले काम नगर्दा अलपत्र परेको हो । आ.व. २०८१/८२ मा गाउँपालिकाले बजेट विनियोजन गरेको छैन । ठेकेदार कम्पनीले यसअघि सम्झौता गरिएका योजनाका काम नगरेपछि यस पटक बजेट नराखिएको गाउँपालिका अध्यक्ष अरुणादेवीले बताए ।

# कोशी प्रदेशमा ड्रागनखेती गर्ने बढ्दै

**बेलबारी, असार १९।** ड्रागन फलले बजार पाउन थालेपछि कोशी प्रदेशमा यसको खेती गर्नेहरुको संख्या पनि बढेको छ ।

कृषि विकास निर्देशनालय कोशी प्रदेशका अनुसार हाल प्रदेशका विभिन्न जिल्लामा एक सय ८६ हेक्टर क्षेत्रफलमा ड्रागन फलको खेती भइरहेको र एक सय १० हेक्टरबाट उत्पादन भइरहेको छ । प्रदेशका १४ जिल्लामध्ये विशेषगरी छ जिल्लामा ड्रागन फलको खेती भइरहेको छ ।

झापामा ६० हेक्टर, मोरङमा ३५ हेक्टर, सुनसरीमा २५ हेक्टर, भोजपुरमा छ हेक्टर, इलाममा ११ हेक्टर, सङ्खुवासभामा ३७ हेक्टर जमिनमा यसको खेती भइरहेको कृषि विकास निर्देशनालय कोशी प्रदेशका योजना शाखाका अधिकृत काजिमान प्रधानले जानकारी दिए ।

आर्थिक वर्ष २०७९/०८० मा प्रदेशभरबाट एक हजार दुई सय १९ दशमलव २२ मेट्रिक टन ड्रागन फल उत्पादन भएको अधिकृत प्रधानले बताए । बजारमा यसको माग उच्च भएको कारण पछिल्लो समय यसको खेतीप्रति किसानको आकर्षण बढ्दो रहेको कृषि विकास निर्देशनालय कोशी प्रदेशका प्रमुख प्रकाशकुमार डाँगीको भनाइ छ ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी प्रदीप शाह पनि ड्रागन फल उत्पादनमा सक्रिय छन् । बिदाको समयमा बिहानैदेखि खेतबारीमा भेटिने मोरङको बेलबारी घर भएका शाह केराबारी गाउँपालिका-९ घङ्गरुमा जग्गा भाडामा लिएर कृषि फार्म सञ्चालन गरेका छन् ।



शाहसहित दुई जना मिलेर ओसिस स्मार्ट एग्रो फार्ममार्फ ड्रागन फलको खेती गरिरहेका छन् ।

खेती शुरु गरेको दुई वर्षबाटै राम्रो आम्दानी हुन थालेको उनको भनाइ छ । कूल १५ कट्ठा जमिनमा लगाइएको ड्रागन फलमध्येबाट छ कट्ठामा पहिलो चरणको उत्पादन शुरु भएको छ । बैशाखदेखि असोज मसान्तसम्म उत्पादन दिने उनले बताए । हालसम्म पाँच सय केजीभन्दा धेरै उत्पादन भइसकेको शाहले जानकारी दिए ।

बारीमै थोकमा प्रतिकिलो तीन सयका दरले उक्त फल बिक्री भइरहेको उनले बताए । उनले दुई वर्षअघि झापाबाट ड्रागन फलको बिरुवा ल्याएर यसको खेती शुरु गरेका थिए । खेतीमा कुनै रासायनिक विषादी प्रयोग नगरेको उनको भनाइ छ ।

कोरोना महामारीको सङ्क्रमण रोकथाम तथा न्यूनीकरणका लागि लागू भएको बन्दाबन्दीमा निर्माण व्यवसाय छाडेर ड्रागन फल खेतीमा लागेका मोरङ सुनवर्शी नगरपालिका-१ का गणेश राई यतिबेला कृषि पेसाबाट सन्तुष्टि मिलेको बताउँछन् । तत्कालीन समयमा ठूलो जोखिम लिएर रु. एक करोडको लगानीमा फर्म सञ्चालनमा ल्याएको र अहिले तुर्छा ड्रागन फ्रुट तथा बहुउद्देश्यीय कृषी फर्ममार्फत ड्रागन फलको खेती राम्रो भइरहेका बताए ।

उनको फार्ममा यतिबेला दैनिक छ जना कामदार ड्रागन फल टिप्दै गरेको भेटिन्छन् । राईले चार वर्षअघि तीन विगाह जमिनमा तीन हजार ड्रागन फलका बिरुवा लगाएका छन् । हाल महिनामा तीनदेखि चार पटकसम्म फल टिप्ने गरेको उनको भनाइ छ ।

एक पटकमा करिब तीन क्विन्टल फल टिप्दै गरिएको उनले बताए । शुरु थोकमा प्रतिकेज रु. तीन सय ५० मा बिक्री गर्ने गरिएकोमा हाल प्रतिकेजी रु. तीन सयका दरले बिक्री भइरहेको उनको भनाइ छ । राईले भने- 'ड्रागन फलको खेती सुक्खा र पानी नजम्ने ठाउँमा गर्दा राम्रो हुन्छ एक पटकको लगानीबाट कम्तीमा २५ वर्षसम्म आम्दानी गर्न सकिन्छ' -उनले भने ।

मेक्सिको र दक्षिण अमेरिकाबाट नेपाल भित्रिएको सिउँडी प्रजातिको फल दुई किसिमको हुने कृषि विकास निर्देशनालय कोशी प्रदेशका बागवानी विकास अधिकृत टोनि बर्देवाले बताए । उनका अनुसार यसको हाँगा काटेर अन्यन्त्र रोप्नुपर्ने हुन्छ । ड्रागन फलमा प्रशस्त मात्रामा भिटामिन सी पाइन्छ ।

# तोरीखेती गर्ने किसानलाई अनुदान




**मेचीनगर, असार १९।** मेचीनगर नगरपालिकाले तोरीखेती गर्ने किसानलाई रु. २६ लाख ८३ हजार अनुदान प्रदान गरेको छ ।

चालू आर्थिक वर्षमा नगरका १५ वडामा रहेका आठ सय ३३ किसानलाई तोरीखेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत अनुदान सहयोग उपलब्ध गराएको हो ।

कृषि शाखा प्रमुख टेकेन्द्र प्रधानले नगरलाई तोरीमा आत्मनिर्भर बनाउने उद्देश्यले तोरी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको र कृषकलाई प्रोत्साहनका लागि अनुदान सहयोग प्रदान गरेको बताए । उनका अनुसार नगरले तोरी खेती प्रवर्द्धनका लागि किसानलाई उत्पादनसँग जोड्न एक किलोग्राम तोरी उत्पादनमा रु. १५ अनुदानको व्यवस्था गरेको थियो ।

कम्तीमा पाँच कट्ठादेखि बढीमा एक बिघा जमिनमा तोरीखेती गर्ने किसानलाई अनुदान रकम भुक्तानी गरिने व्यवस्था अनुसार आठ हजार नौ सय ९० कट्ठा जग्गामा तोरीखेती गरेका किसानलाई अनुदान रकम वितरण गरिएको कृषि शाखा प्रमुख प्रधानले जानकारी दिए ।

## सच्याइएको सूचना

पूर्वाञ्चल दैनिकको वर्ष २९ अंक २२६ मिति २०८१ आषाढ १९ गते को अन्तिम पृष्ठमा प्रकाशित श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि. को कर्जा बुझाउन आउने बारेको सूचनामा ऋणीको नाम पुष्प पाठक हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

– ऋण असुली उपसमिति


**तााप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

**श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड–५, झापा

**कर्जा बुझाउन आउने बारे सूचना**

*प्रकाशित मिति २०८१/०३/२०*

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनपर्ने साँवा तथा व्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक–पटक लिखित एव्म मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा व्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ । अन्यथा कालो सूचीमा राख्न लेखिपढाई सहकारी ऐन २०७४ बमोजीम कानूनी कारवाही अगाडि बढाइने जानकारी गरिन्छ । ।

| | |
|---|---|
| १. **ऋणी**/जमानीकर्ताहरुको नाम<br>ऋणीको नाम : देवि माया मोक्तान<br>बाबुको नाम : मान विर तामाङ<br>बाजेको नाम : छत्र बहादुर तामाङ<br>पतिको नाम : लक्ष्मी प्रसाद मोक्तान<br>ना.प्र.नं. : ०८३०२९/३८४(झापा)<br>ठेगाना : अर्जुनधारा–११<br>परिवारको जमानीकर्ता : कुमारी शेर्पा<br>बाबुको नाम : छत्र बहादुर तामाङ<br>ना.प्र.नं. ६२३७२ (ताप्लेजुङ)<br>जमानीकर्ता : सावित्रा मिजार<br>जमानीकर्ता : मेन्दो लामा | २. **ऋणी**/जमानीकर्ताहरुको नाम<br>ऋणीको नाम : सम्झना मेचे<br>बाबुको नाम : सुर्वा राम मेचे<br>बाजेको नाम : लालचन मेचे<br>ना.प्र.नं. : ०४३०१०/५८२ (झापा)<br>ठेगाना : अर्जुनधारा ११<br>परिवारको जमानीकर्ता : भुपेन्द्र तामाङ<br>बाबुको नाम : राम बहादुर तामाङ<br>ना.प्र.नं.०२/२७४१<br>जमानीकर्ता : विष्णु माया राई<br>जमानीकर्ता : सुमिला राई |
| ३. **ऋणी**/जमानीकर्ताहरुको नाम<br>ऋणीको नाम : विमला लावती<br>बाबुको नाम : खिन राज लावती<br>बाजेको नाम : हङ्स बहादुर लावती<br>पतिको नाम : विरेन्द्र कन्दङ्वा<br>ना.प्र.नं. : ५७१/२ (पाचथर)<br>ठेगाना : बिर्तामोड–७<br>परिवारको जमानीकर्ता : किरण कन्दङ्वा<br>बाबुको नाम : शेर बहादुर कन्दङ्वा<br>जमानीकर्ता : खगमाया कन्दङ्वा<br>जमानीकर्ता : निर्मला तामाङ | ४. **ऋणी**/जमानीकर्ताहरुको नाम<br>ऋणीको नाम : रञ्जना खिम्दीङ<br>बाबुको नाम : हर्क ध्वोज खिम्दीङ<br>बाजेको नाम : : लाल बहादुर खिम्दीङ<br>पतिको नाम : देउ कुमार राई<br>ना.प्र.नं. :८१५१९ (इलाम)<br>ठेगाना : बिर्तामोड–६<br>परिवारको जमानीकर्ता : छत्र कुमार राई<br>जमानीकर्ता : अम्बिका सुन्दास<br>जमानीकर्ता : फुलमाया दमाई |

ऋण असुली उप-समिति

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तानबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आज क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहने छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** मन प्रशन्न रहला, धन, स्वास्थ्यलाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ । शुभ खबर सुन्न पाइने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय फलदायी रहेको छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यापार-व्यवसायमा लाभदायक योग छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, आज धैर्य रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।